## प्रेस विज्ञप्ति

आज मिति २०८२ साल असार २४ गते (तदनुसार ८ जुलाई, २०२५) माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री दामोदर भण्डारीज्यूसँग खाद्य तथा कृषि संगठन (FAO) का नेपाल तथा भूटानका प्रतिनिधि श्री केन शिमिजुले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबार, काठमाडौंमा शिष्टाचार भेटघाट गर्नु भयो ।सो अवसरमा क्रममा माननीय मन्त्रीज्यूले वहाँलाई मन्त्रालयमा स्वागत गर्दै सन् २०२१ देखि FAO प्रतिनिधिका रूपमा नेपाललाई प्रदान गर्नुभएको सेवाको लागि हार्दिक बधाई समेत दिनुभयो ।

माननीय मन्त्रीज्यूले नेपाल र FAO सन् १९५१ देखि नजिक र फलदायी साझेदारीमा रहेका र FAO को प्राविधिक तथा नीतिगत सहयोगले नेपालको कृषि विकास र खाद्य सुरक्षाका लक्ष्यहरूलाई अगाडि बढाउन महत्वपूर्ण भूमिका खेलेको उल्लेख गर्नुभयो ।यहाँको सिँचाइ प्रणालीलाई आधुनिक बनाउने, बाली उत्पादनमा सुधार गर्ने, प्राकृतिक स्रोतहरू दिगो तरिकाले व्यवस्थापन गर्ने र २०१५ को भूकम्प तथा COVID-१९ महामारीजस्ता विपद्हरूमा प्रभावकारी रूपमा प्रतिक्रिया जनाउनेमा FAO को सहयोगको लागि धन्यवाद दिनुभयो ।साथै, भविष्यमा नेपाल र FAO बीचको साझेदारी अझ बलियो र गहिरो हुने विश्वास गर्दै खाद्य सुरक्षा सुदृढ पार्न, ग्रामीण जीविकोपार्जनमा सुधार ल्याउन, विपद् जोखिम न्यूनीकरणका लागि क्षमता निर्माणमा निरन्तर सहयोगको लागि अपेक्षा राख्नुभयो ।यसै बीच माननीय मन्त्रीज्यूले नेपालको खाद्य निर्यात, यसमा भोगिरहेको कठिनाई र औद्योगिक वौद्धिक सम्पत्ति संरक्षण सम्बन्धी समस्याको कानुनी रुपमा समाधान गर्न यस मन्त्रालयबाट औद्योगिक सम्पत्ति विधयेक, २०८२ संघीय संसदमा दर्ता भई विचाराधीन अवस्थामा रहेको समेत जानकारी गराउनु भयो ।

छलफलको क्रममा FAO का लागि नेपालका प्रतिनिधि श्री केन शिमिजुले माननीय मन्त्रीज्यूलाई न्यानो स्वागतको लागि धन्यवाद दिँदै नेपालका कृषि तथा खाद्य प्रणालीमा FAO को भूमिका र नेपाल सरकारसँगको सहकार्यलाई अझ प्रभावकारी बनाउँदै लैजाने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँले नेपालका स्थानीय कृषि उत्पादनहरूलाई अन्तर्राष्ट्रिय बजारमा पहुँच पुऱ्याउन निर्यात प्रवर्द्धनमा FAO को चासो रहेको कुरा व्यक्त गर्नुभयो। त्यसका लागि औद्योगिक सम्पत्ति संरक्षण अन्तर्गत भौगोलिक संकेत (Geographical Indication) को माध्यमबाट खाद्य उत्पादनहरूको मूल्य अभिवृद्धि गर्दै क्षेत्रीय र विश्वव्यापी बजारमा पुऱ्याउन सकिने सम्भावना र क्षमता अभिवृद्धि सम्बन्धी सहयोग आदान प्रदान गर्न सकिने बारे छलफल गर्नुभयो ।

भेटघाटको अन्त्यमा माननीय मन्त्रीज्यूले मन्त्रालयमा आउनु भएकोमा श्री शिमिजुलाई पुनः धन्यवाद दिँदै भविष्यमा नेपालको कृषि तथा खाद्य सुरक्षाको विकासका लागि FAO सँग नजिकै मिलेर काम गर्ने आशा गर्दै आफ्नो र मन्त्रालयको पूर्ण सहयोग रहने व्यक्त गर्दै नेपालको बसाई र थप सफल कर्यकालको शुभकामना व्यक्त गर्नुभयो ।

मिति : २०८२|०३|२४

(जितेन्द्र बस्नेत)
सहसचिव/ प्रवक्ता